५) तुलनात्मक साहित्यको अभीष्ट विभिन्न साहित्यको समतामूलक अध्ययन मात्र होइन। यसले साहित्यको वैषाम्यको पनि चिरफार गर्दछ। अर्थात विवेचित साहित्यको साम्य र वैषाम्य दुवैको यसले उद्घाटन गर्दछ।

६) तुलनात्मक साहित्य अन्तर्गत एकै साहित्यको दुई युग,काव्य प्रवृत्तिहरू अथवा दुई लेखकको तुलना, एक साहित्यको अर्को साहित्यमाथि प्रभाव-प्रेरणा आदिको तुलना तथा दुई साहित्यको दुई कवि,लेखक,कृति, प्रवृति आदिको तुलना गरिन्छ।

७) तुलनात्मक साहित्यको निम्ति प्राचीन अथवा आधुनिकको कुनै अर्थ हुँदैन। यसमा तुलना नै सर्वोपरि हुन्छ। वस्तुतः जे-जुन तुलनीय छ त्यही तुलनात्मक साहित्यको विषय क्षेत्र अन्तर्गत अन्तर्गत अन्तर्भूक्त भइहाल्दछ।

## १३.४. तुलनात्मक साहित्य अध्ययनको उपयोगिता एवम् महत्त्व :

मैक्समूलरले भनेका छन् *सबै उच्चतर ज्ञानको प्राप्ति तुलनाबाट नै सम्भव हुन्छ।* सर जेम्सअनुसार तुलनाले नै समग्रता प्रदान गर्दछ। हनेरी जार्जले पनि भनेका छन्- *तुलनात्मक अध्ययनले सांस्कृतिक सार प्रदान गर्दछ।*

तुलनात्मक प्रवृति मानिसको जन्मजात,प्रवृति हो। आफ्नो यसै विलक्षण प्रवृत्तिको कारण मानिस वस्तुहरुमा अन्तर्निहित अन्तरको तथा त्यसको श्रेष्ठतासित परिचित हुँदछ। वस्तुतः ज्ञानको परिपुष्ट एवम् समृद्धि तुलनाको अभावमा सम्भव हुँदैन।

तुलनात्मक साहित्य एक स्वतन्त्र एवम् नवीन विद्यानुशासन हो। साहित्यिक आदानप्रदानको क्षेत्रमा यसको सर्वोपरि महत्त्व हुन्छ। यस विद्यानुशासनबाट नै विभिन्न साहित्यमाझ परस्पर सम्पर्क एवम् सौहार्दता स्थापित हुन्छ ; एक-अर्को साहित्यमा विचार विनियम सम्भव हुन्छ। वस्तुतः तुलनात्मक साहित्यका पूलको भूमिका निर्वाह गर्दछ, जसबाट विभिन्न साहित्यको ओहोरदोहर हुन्छ।

यसैगरी तुलनात्मक साहित्यको अध्ययनबाट राष्ट्रीय एवम् अन्तर्राष्ट्रीय विविध पक्षको उद्घाटन हुन्छ। विविध विचारहरूको निरुपण एवम् उदात्तीकरण सम्भव हुन्छ। यस सन्दर्भमा रभाकको कथन उल्लेखनीय देखिन्छ *तुलनात्मक साहित्य एक राष्ट्रको परिधिभन्दा पर दोस्रो राष्ट्रीय साहित्यसितको तुलनात्मक अध्ययन हो तथा यो अध्ययन कला, इतिहास, समाजविज्ञान, धर्मशास्त्र आदि ज्ञानको विभिन्न क्षेत्रको आपसी सम्बन्धको अध्ययन पनि हो।*

तुलनात्मक साहित्य अन्तर्गत एकै साहित्यको दुई युग, काव्य प्रवृति अथवा दुई लेखकको तुलना एउटा साहित्यको अर्को साहित्यमा प्रभाव आदिको तुलना तथा दुई भिन्न साहित्यको दुई भिन्न कवि, कृतिहरू, प्रवृत्ति आदिको तुलना गरिने हुँदा यसबाट सम्बन्धित विषयको सर्वाङ्गीन अध्ययन तथा निरीक्षण सम्भव हुँदछ। वुस्तुतः तुलनात्मक साहित्य विविध साहित्यको पारस्परिक सम्बन्धको अध्ययन हो। यसको मूलभूत उदेश्य एक विस्तृत परिप्रेक्ष्यमा विभिन्न भाषिक साहित्यको अध्ययन हो। यसबाट सम्बन्धित साहित्यबारे अभिज्ञान एवम् रसास्वादन प्राप्त हुँदछ तथा त्यस भाषिक साहित्य सम्बन्धी एक समुचित विचारधाराको विकास सम्भव हुँदछ। भारतीय साहित्यको सन्दर्भमा तुलनात्मक साहित्यको उपयोगिता एवम् महत्त्व अझ बढी परिलक्षित हुँदछ। विभिन्न भारतीय साहित्यको तुलनाबाट प्राप्त समानताको आधारबाट भारतको साहित्यिक,सांस्कृतिक एवम् भावत्मक एकताको प्रकटीकरण सम्भवको अवधारणा

निर्मितिको निम्ति तुलनात्मक साहित्यको अध्ययन आवश्यक मानिन्छ। विशेषतः बीसौं शताब्दीका तेस्रो दशकदेखि यता भारतीय विश्वविद्यालयहरूमा त्यसको अध्ययन-अध्यापन,शोध-अनुसन्धान आदिका सक्रियताले पनि तुलनात्मक साहित्यको उपयोगिता एवम् महत्त्वको स्वतः पुष्टि गर्दछ।

## १३.५ तुलनात्मक साहित्य अध्ययनको पद्धति

तुलनात्मक साहित्यको अध्ययन पद्धति भन्नाले साहित्यको तुलनारूपी अध्ययन गर्ने मार्ग,बाटो अथवा अध्ययन विधि,परिपाटी, प्रणाली,प्रक्रिया भन्ने बुझिन्छ। वस्तुतः तुलनात्मक साहित्यको कुनै निश्चित एवम् सर्वमान्य अध्ययन पद्धति छैन। निश्चित अध्ययन पद्धतिको अभावले गर्दा एक विद्यानुशासनको रूपमा तुलनात्मक साहित्यले विभिन्न प्रकारको आक्षेप पनि झेल्नुपरेको देखिन्छ।

भारतीय तुलुनात्मकतावादी विद्वान डा. इन्द्रनाथ चौधरीले साहित्यको अन्तर्राष्ट्रीय सन्दर्भवाद र तुलनात्मक आलोचनालाई आधार गरेर तुलनात्मक साहित्यको पद्धति विज्ञान निर्माण गरेका छन्। ती पद्धतिहरू निम्नलिखित छन् :

## १३.६ सादृश्य सम्बन्धात्मक पद्धति

तुलनात्मक साहित्यको सादृश्य सम्बन्धात्मक पद्धति अन्तर्राष्ट्रीय सन्दर्भवादमा आश्रित हुन्छन्। यस पद्धति अन्तर्गत कुनै दुई अथवा दुईभन्दा बढी कृतिहरूको साहित्यगत शैली, संरचना, विचार आदि कुनै एक पक्षलाई लिएर सादृश्य सम्बन्धमूलक अध्ययन गरिन्छ। यस पद्धतिले कृतिको साम्य र वैषाम्य दुवैको निरूपण गर्दछ। यस पद्धतिले तुलनीय कृतिहरूको कार्य-कारण सम्बन्धलाई महत्त्व दिँदैन। तुलनीयो कृतिहरू एक-अर्कादेखि प्रभाव मुक्त हुनु यस पद्धतिको निम्ति अनिवार्य हुन्छ। हरभजनसिंहको *ओडिसी*, *रामायण*, *सेवासदन* तथा *त्यागपत्र*मा सीता *सिन्ड्रोम*को विवेचनलाई यसै अध्ययन पद्धतिको उत्कृष्ट नमूना मानिन्छ। यसैगरी सादृश्य सम्बन्धात्मक पद्धतिबाट लगभग्र समान ऐतिहासिक तथा सामाजिक पृष्ठभूमिको परिप्रेक्ष्यबाट कुनै दुई लेखक वा कृतिको विवेचन पनि सम्भव हुन्छ। रसियाली सम्प्रदायका विद्धान झिरमुन्शकीले यस पद्धतिबाट विश्व साहित्यका विभिन्न लोकगाथाका नायकहरूसित रसियाली लोकगाथाका नायकहरूको अध्ययन गरेका देखिन्छन्।

तुलनात्मक साहित्यका अधिकांश विद्वान्हरूले यसप्रकारको अध्ययन पद्धतिलाई लचिलो पद्धति मानेका छन्। कतिपय विद्वानहरूले यस पद्धतिमाथि व्यक्तिवादिता एवम् प्रभाववादितालाई बढी महत्त्व दिएको आक्षेप पनि लगाइएको पाइन्छ। समग्रमा यस अध्ययन पद्धतिबाट विभिन्न समाज तथा परिस्थितिहरूबाट अभिव्यञ्जित साहित्यको विवेचन हुँदछ र यसबाट तुलनीय साहित्यको साम्य-वैषाम्यको निरुण हुँदछ।

## १३.७ परम्परापरक पद्धति

अन्तर्राष्ट्रीय सन्दर्भवादमा आश्रित यस पद्धतिले कुनै दुई कृतिहरूको सादृश्यमूलक अध्ययन गर्दछ, जहाँ तुलनीय कृतिहरूलाई समान ऐतिहासिक, कालक्रमिक तथा रूपात्मक घेरामा बाँधिन्छ। यस

अन्तर्गत भाषा तथा साहित्यमा प्रतिफलित राष्ट्रिय चेतनाको समान्तरीय अध्ययन गरिन्छ। यस प्रकारको अध्ययनबाट साहित्यमा वर्णित विभिन्न राष्ट्रिय परम्पराहरूको विषयमा सठीक एवम् गलत धारणाहरूको खोज सम्भव हुन्छ। परम्परापरक पद्धति काव्य रूपहरूको अध्ययन पनि गर्दछ। मूलतः यस पद्धतिबाट कृतिमा निहित विभिन्न स्थिति र रूपहरूसँग आश्रित परम्पराहरूको अनुशीलन गरिन्छ। त्यस अतिरिक्त सामाजिक एवम् सांस्कृतिक परम्पराहरूसितै धार्मिक एवम् दार्शनिक परम्पराहरूलाई पनि प्रश्रय दिन्छ। उन्नाइसौं शताब्दीको प्राच्य विद्वानहरुद्वारा उपनिषदको अनुवादको फलस्वरूप अङ्ग्रेजी कविहरूको रचनामा भारतीय परंम्पराको अनुप्रेवशको अध्ययन यसै पद्धतिबाट गरिएको मानिन्छ। यसैगरी परम्परापरक अध्ययन पद्धतिबाट बाइबल,रेनेशा समयको साहित्य, चिनिया,हिब्रु भाषाका विशिष्ट साहित्यहरूको तुलना गर्ने कार्य भएको पनि थाहा लाग्दछ।

## १३.८ प्रभावपरक पद्धति

परम्परापरक पद्धति जस्तै यस प्रभावपरक पद्धति पनि अन्तर्राष्ट्रीय सन्दर्भवादमा नै आश्रित रहेको पाइन्छ। यस प्रविधिले दुइ प्रभावकारी साहित्यिक व्यक्तित्व र प्रतिभाली महत्त्व दिइने भएकाले दुई भिन्न भाषा-साहित्यका विशेषतालाई आधारस्वरूप ग्रहण गरेको दिखिन्छ। अतः साहित्यिक व्यक्तित्व र प्रतिभाका सिर्जनात्मक अभिप्रयलाई मूल्याङ्कन गर्नु यसको अभीष्ट हो भने यसको उद्देश्य पनि साहित्यिक प्रतिभा र उनको कलात्मक अनुभूतिलाई विवेचन गर्नु पनि हो। मूलतः प्रतिभालाई उनको मनोवैज्ञानिक विशेषता र प्रवृतिअनुसार प्रकटित अथवा अप्रकटित रूपमा दुवैतर्फबाट नै मुल्याङ्कन गरी त्यसलाई प्रभावसूत्रका आधारमा लिइन्छ। यसको उदाहरणको निम्ति पश्चिमी साहित्यका कवि रेट्राकको चर्चालाई लिइन सकिन्छ। साथै युग परिवर्तित भिन्न समय र ठाउँविशेषका प्रतिभाका प्रभाव चेतना एकअर्कामा सम्बद्ध हुमाले प्रतिभाहरुमा हुने प्रभावलाई यस पद्धतिद्वारा ग्रहण गर्न सक्छौ। वास्तवमा कृतिले पाठकलाई आनन्द प्रदान गर्नु मुख्य धर्म हो। यसर्थ, कुनै विशिष्ट साहित्यिक कृतिको मूल्यको मानदण्डप्रति पाठक सचेत भएर त्यसको मूल्यङ्कन गरेको हुन्छ भने त्यसको आधार यस पद्धतिद्वारा सम्भावित हुन्छ। हामी पूर्वेली फाट्मा साहित्यका काव्यात्मक कृतिहरूको अध्ययन भएको देख्छौं।

लेखकको सिर्जनात्मक कौशलता र सामाजिक, सांस्कृतिक परिवशको महत्तालाई प्रभाव स्वरूप लिइन सकिन्छ तर त्यसको निम्ति यस पद्धतिमा ऐतिहासिक तथा आलोचनात्मक चेतन दृष्टिको प्रयुक्तिको आवश्यकता पर्छ।

## १३.९ स्वीकृति तथा संरचना पद्धति

लेखक, पाठक, समीक्षक एवम् प्रकाशक आदिका महत्त्वपूर्ण घनिष्ठताको अध्ययन गर्ने क्रममा दुई भिन्न कृतिहरुको परस्परका सम्बन्धलाई हेर्ने भएकाले यस पद्धति मूलतः तुलनात्मक आलोचना पद्धतिमा आश्रित रहेको पाइन्छ। यसको आफ्नो मान्यताअनुसार समाजशास्त्रीय र मनोवैज्ञानिक दृष्टिकोणलाई आधार स्वरुप बनाएको देख्नसक्छौं। यस पद्धतिअन्तर्गत हामी के पाउँछौ भने तुलनात्मकतावादी लेखक उलरिचले पाश्चात्य साहित्यकार फ्रेन्स काफाको चिठ्ठीहरु तथा डयारीहरु को चर्चा गर्दा यस पद्धतिको

मूल्यङ्कन गरेको देखिन्छ। हामी विशेष गरेर हिन्दीमा लेखिएका सानो-सानो कवितात्मक संरचना भएको मुक्तक भन्न सुहाउने रचनाहरूलाई प्राथमिकता दिएर अत्याधिक चर्चा गरेको पाउँछौं भने अन्तर्राष्ट्रीय सन्दर्भमा हाइकू मानिने कविताहरूको चर्चा भएको पाइन्छ। यस अतिरिक्त स्वीकृति तथा संचालन पद्धतिद्वारा जर्मन र अंग्रेजी नाट्यकृतिहरूको अध्ययन गर्ने प्रक्रिया स्थापित भएको भन्ने थाहा लाग्छ। फलस्वरूप तुलनात्मक साहित्यको अध्ययनमा यस पद्धति व् प्रविधिले पाश्चात्य काव्यशास्त्र तथा सौन्दर्यशास्त्र आदिसँग आश्रित रहेर कार्यमा सहयोग गर्छ भन्ने विद्वानहरूको मतलाई स्वीकारेका देखिन्छन्। पश्चित्यमी तुलनात्मकवादी लेखक प्रावर रोमण्ड विलियमस्ले पनि उपर्युक्त पद्धतिको महत्तामाथि जोडदिँदै तुलनात्मक साहित्यको अध्ययनको एउटा महत्त्वपूर्व आधार मानेका छन्। यसको निम्ति भारतीय साहित्यमा प्राचीन पञ्चतन्त्र, हितोपदेश जस्ता रचनाहरूको अध्ययनलाई अघि राख्न सकिन्छ। नेपाली साहित्यमा तुलनात्मक साहित्यको अध्ययन र विश्लेषणात्मक कार्य उत्तरोत्तर नहुनाले हामीलाई यसको अध्ययनको निम्ति पश्चिमी ब्रेटोल्ड ब्रेकर र ऐजापाउण्ड दुईका सिर्जनात्मक रचनाहरूको अध्ययनका लागिं प्रयुक्त पद्धतिको सहयोगबाट नै उनीहरूको समाजशास्त्रीय र सांस्कृतिक महत्त्वलाई बुझन सकिएको हो भन्ने थाहा लाग्छ।

## १३.१० सौभाग्य पद्धति/विधि/प्रविधि

यस पद्धतिअनुसार समाजका कुनै पनि विशिष्ट कृति र कृतिकारको प्रभाव अर्को कुनै पनि भाषा वा साहित्यमा पर्ने हुनाले त्यसबाट प्रभावित साहित्यिक परिवेशको अध्ययन गर्ने आधार प्रतिपादन भएको पाइन्छ। उदाहरणको निम्ति टिगहेन, रूटलर आदि पाश्वत्य विद्वानहरूका रचनाहरू सान्दर्भिक हुने देखिन्छ। हालमा यस पद्धतिको राष्ट्रीय परम्पराको क्षेत्रमा समीक्षा भइसकेको हुँदा यस पद्धति प्रभावकारी देखिन्छन्। साहित्यकारको प्रतिभाको ह्रासप्रति अगावै सङ्केत गर्नु यसको धर्म हो भने त्यसका प्रभावमा देखिएका विकृति कारणहरूको सही मूल्याङ्कन पनि गर्नु हो। मूलतः यस पद्धतिले समग्रमा कल्पनाहीनता र यान्त्रिकतालाई त्यत्ति महत्त्व दिएको पाइँदैन तर संरचना पद्धित र यस पद्धतिको मूलाधार भने केही हदसम्म स्वीकृत देखिन्छन्।

## १३.११ सम्बन्धात्मक,द्वन्द्वात्मक पद्धति/प्रविधि/विधि

मानवीय कल्पनाशक्ति र बौद्धिक इतिहाससँग सम्बन्ध राख्ने यस पद्धतिले इतिहास, मनोविज्ञान,राजनीतिशास्त्र,धर्म,समाजशास्त्र साथै ललित कलाहरूको सम्बन्धका व्याप्तिलाई अध्ययनको निम्ति सार्थक तुल्याएको मानिन्छ। मूलरूपमा साहित्यिक रचनामा हुने कतिपय कौतुहलताका प्रश्नहरूप्रति पाठकलाई आकृष्ट गऱ्याउनु पनि यस पद्धतिको विशेषता रहेको पाइन्छ। यस पद्धतिको थप विशेषता पौराणिक तथा प्राचीनतम् पाश्चात्य सभ्यताआदिको परिप्रेक्ष्यलाई अन्तर्राष्ट्रीय सन्दर्भवादबाट हेर्नु हो। समाजका विविधताप्रति समस्तरीय पक्षको शुक्ष्म अन्वेषण गर्दछ भन्ने धारणा विद्वान् रेमार्क को देखिए पनि यसको महत्त्व व्यापक हुन सकेको भने देखिँदैन।

## १३.१२ तुलनात्मक आलोचना पद्धति/प्रविधि/विधि

तुलनात्मक आलोचना पद्धति साहित्यको तुलना गर्ने एक स्वतन्त्र कार्यव्यापार मानिन्छ। पाश्चात्य विद्वानहरूमध्ये विलियम जेम्स,एडचिन आलोर्ण्ड यस क्षेत्रका चर्चित आलोचकहरु हुन्। यस पद्धतिमा आलोचक हरू गम्भीर र बौद्धिक सम्पन्नताका हुनपर्ने जस्ता मान्यताले गर्दै साधारण साहित्यालोचकहरु अपेक्षित हुँदैनन् अनि तुलनात्मक साहित्यको धारातललाई निर्माण गर्ने मूलाधार नै यस पद्धतिद्वारा मात्र सम्भव देखिने अवदारणआले गर्दा आलोचकमा भाषिक तथा सांस्कृतिक आदि विविध द्योतनाको अपेक्षा गरिन्छ। तुलनात्मक आलोचनाको प्रयोग एक महत्त्वपूर्ण विषय हो। यसले मूलरूपमा एक विस्तृत साहित्यिक क्षेत्रलाई आत्मासात गरेर अन्यक्षेत्रको साहित्यलाई अध्ययन गर्दछ। अनि सैद्धान्तिक रुपमा १८ औं शताब्दीमा देखिएको यस पद्धति तुलनात्मक तथा व्यतिरेकी अध्ययनको आदारमा निर्मित अनुमानिक काव्यशास्त्रको सहायताद्धारा विकास भएको हो। तर सठिक रूपमा कुनै पनि कृतिको विश्लेषण गर्नु अनुमाणिक काव्यशास्त्र समर्थ हुने देखिँदैन! वस्तुतः ऐतिहासिक र समाशास्त्रीय अध्ययन यसमा हुने समभावनाले गर्दा साहित्यिक समाजशास्त्रमा निहित विविध समस्यालई समाधान गरी तुलनात्मक आलोचनाद्धार कृतिको तुलना सम्भव हुन्छ। हुनता तुलनात्मक आलोचनाले एक भाषिक संस्कृतिमा जोडिएको कृतिगत स्वरूपलाई ग्रहण गरी अर्को कृतिसित आलोचना गर्दछ। यसर्थ, कतिपय विद्वानहरू तुलनात्मक आलोचना पद्धतिलाई साहित्यिक अध्ययनको निम्ति यसको मूल्यलाई स्वीकारेको पाइन्छ। उदाहरणको निम्ति सिग्मण्ड फ्रायडको *द इन्टराप्रिटिशन् आफ ड्रिम्स* यस पद्धतिको अध्ययनमा उल्लेखनीय भेटिन्छ। यसैगरी पाश्चात्य र पूर्वीय साहित्यमा होर्म्स,सफोक्लिज,दाँते,वार्थ, अनि कालिदास र व्यास आदिका रचनाहरूको अध्ययन पनि उल्लेखनीय मानिन्छ।

### १३.१२.१ मुख्य बुँदाहरु

१/ तुलनात्मक साहित्य अङ्ग्रेजी कम्पेरेटिभ लिटरेचरको नेपाली पर्याय हो।

२/ एक स्वतन्त्र ज्ञानानुशासनको रुपमा तुलनात्मक साहित्य पश्चिमका चिन्तन परम्पराको देन हो।

३/ विभिन्न साहित्यको तुलनात्मक अध्ययनको संक्षिप्त अभिव्यक्ति नै तुलनात्मक साहित्य हो।

४/ तुलनात्मक साहित्य यस्तो साहित्य विद्यानुशासन हो, जसमा विभिन्न साहित्यको विभिन्न पक्षको अध्ययन गरिन्छ। यसबाट क्षेत्रीयता अथवा भौगोलिकता तथा वैचारिक जातिगतताको आधारबाट विभिन्न साहित्यको अध्ययन सुगम एवम् व्यवस्थित हुन्छ।

५/ तुलनात्मक साहित्यको कुनै निश्चित स्वरूप हुँदैन।

६/ ऋतु चक्रमा तुलनात्मक साहित्यको स्वरूपमा परिवर्तन देखिनु स्वाभाविक प्रक्रिया मानिन्छ।

७/ तुलनात्मक साहित्य साहित्यिक विद्यानुशासन हो।

८/ तुलनात्मक साहित्यमा 'तुलना' नै सर्वोपरि हुन्छ।

९/ तुलनात्मक साहित्यको सर्वमान्य एवम् सर्वप्रमुख साध्य विभिन्न साहित्यको तुलनारुपी अध्ययन हो।

१०/ तुलनात्मक साहित्य अन्तर्गत विभिन्न भाषिक साहित्यको इतिहास सापेक्ष प्रभावसूत्रहरूको अध्ययन गरिन्छ।